# तुलसीपुर उपमहानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
तुलसीपुर, दाङ
लुम्बिनी प्रदेश, नेपाल

फोन नं.: ०८२-५२०२३३
५२०३२६
५२२०३६
दमकल : ५२०१०१


**जडिबुटी, कवाडी,जिवजन्तुको ब्यावसायीक उपयोग कर उठाउने सम्बन्धि विद्युतीय बोलपत्र आह्वानको सूचना**

२०८० जेष्ठ ३१   प्रथमपटक प्रकाशित मिति 14 th June 2023

नेपालको संविधान को अनुसूची ८ तथा स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ९ को दफा ६१ एवं तुलसीपुर उप महानगरपालिका दाङको मिति २०८०/०२/३० गतेको निर्णयानुसार तुलसीपुर उप महानगरपालिका क्षेत्रभित्रका जडिबुटी, कवाडी, जिवजन्तुका वस्तुहरुमा तोकिए वमोजिमको दरमा ब्यावसायिक उपयोग कर अशुल उपर गर्न आ.व.२०८०/०८१ को लागि विद्युतीय बोलपत्र आव्हान गरिएको छ ।

| ठे.नं. | ठेक्काको किसिम | न्यूनतम अंक(भ्याट वाहेक) | बोलपत्र दस्तुर |
|---|---|---|---|
| रा १४/०७९/०८० | जडिबुटी, कवाडी,जिवजन्तुको ब्यावसायिक उपयोग कर ठेक्का | ४०,००,०००।- | ३,०००।- |

**शर्त तथा वन्देजहरु :**

१) बोलपत्रको सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० दिन सम्ममा बोलपत्र वापतको दस्तुर (फिर्ता नहुने गरी) यस कार्यालयको मेघा बैक नेपाल तुलसीपुरमा रहेको खाता नं. १२३०१४००००००२४ मा जम्मा गरेको बैक भौचर Scan Copy पेश गरी www.bolpatra.gov.np/egp बाट बोलपत्र खरिद गर्न सकिनेछ ।

२) बोलपत्र साथ स्थानीय तहमा दर्ता भएको व्यवसायी नवीकरण प्रमाणपत्र, मूल्य अभिबृद्धी कर दर्ता प्रमाणपत्र र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी बोलपत्र साथ संलग्न राखी आफुले कबोल गरेको अंकको ५% ले हुने धरौटी रकम यस उप महानगरपालिका तुलसीपुर, दाङ स्थित नं. १२३०१४०००००१४७ धरौटी खातामा जम्मा गरेको सक्कल बैंक भौचर वा नेपाल सरकारबाट मान्यता प्राप्त वाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरिएको कम्तिमा १२० दिन म्याद भएको बिडवण्डको सक्कल प्रति संलग्न हुनुपर्नेछ ।

३) बोलपत्रमा आफूले कबोल गरेको अंक र अक्षरमा प्रष्ट संग लेखी सही छाप गरी पेश गर्नु पर्नेछ । अंक र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिइनेछ साथै कुनै शर्त राखी पेश गरेको बोलपत्र माथि कुनै कारवाही गरिने छैन ।

४) विद्युतीय बोलपत्र पेश गर्ने म्याद समाप्त भए पश्चात बोलपत्रदाता वा निजको प्रतिनिधीको रोहबरमा खोलिनेछ । निजको प्रतिनिधि सो समयमा उपस्थित नभए पनि कार्यालयलाई बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन । बोलपत्र खोल्ने दिन विदा परेमा सोको भोलिपल्ट कार्यालय खुलेको दिन खोलिनेछ ।

५) बोलपत्र स्वीकृत भइ संझौताको लागि सूचना पाएको मितिले ७ दिन भित्र कबोल अंकको ५ प्रतिशतले हुने धरौटी रकम माथि उल्लेखित धरौटी खातामा जम्मा गरेको सक्कल भौचर संझौताका बखत पेश गर्नु पर्नेछ । त्यस्तो धरौटी रकम ठेक्का म्याद समाप्त भएको अर्को आर्थिक बर्षमा कर चुक्ता प्रमाणपत्र पेश गरे पश्चात मात्र फुकुवा हुनेछ ।

६) बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले ७ दिन भित्र कबोल अंकको शतप्रतिशत वा ५०% ले हुन आउने रकम यस कार्यालयको खातामा दाखिला गरी, कबोल अंकको १३% ले हुन आउने मूल्य अभिबृद्धी कर वापतको रकम र १.५% ले हुने अग्रिम आयकर वापतको रकम आन्तरीक राजश्व कार्यालय तुलसीपुर, दाङमा दाखिला गरेको प्रमाण ठेक्का सम्झौताका वखत एकमुष्ट पेश गर्नु पर्नेछ । साथै कबोल अंकको शतप्रतिशत बुझाउन नसकि ५०% मात्र बुझाएमा, वांकी ५०% ले हुन आउने दोश्रो किस्ता वापतको रकम २०८१ साल चैत्र मसान्त भित्र दाखिला गरी सक्नु पर्नेछ । संझौता गर्दा उक्त दोश्रो किस्ता रकम बरावरको २०८१ साल श्रावण मसान्त सम्म अवधि भएको र यस कार्यालयको नाममा जारी गरिएको नेपाल सरकारबाट मान्यता प्राप्त वाणिज्य बैंकको बैंकग्यारेन्टी (पर फरमेन्स वण्ड) पेश गर्नुपर्नेछ । तोकिएको समयभित्र किस्ता रकम नबुझाएमा उक्त बैंक ग्यारेन्टीबाट (परफरमेन्स वण्ड) किस्ता रकम अशुल उपर गरि अर्को व्यवस्था गर्न सकिनेछ । यसमा ठेकेदारले कुनै किसीमको हर्जाना दावी गर्न पाउने छैन ।

फोन नं.: ०८२-५२०३३
५२०३२६
५२२०३६
फ्याक्स : ५२०३०५

राम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

७) ठेकेदार र कार्यालय बीचमा ठेक्काको शर्त सम्बन्धी कुरामा बिवाद पर्न आएमा तुलसीपुर उप महानगरपालिका, दाङको निर्णय अन्तिम हुनेछ । यसमा ठेकेदारको कुनै उजुरी लाग्ने छैन ।

८) आफूले लिएको ठेक्काको चलन गरी रकम उठाउने जिम्मेवारी ठेकेदार स्वयंकै हुनेछ ।

९) कुनैपनि वहानामा अस्थायी चलानपूर्जी दिन कार्यालय बाध्य हुने छैन ।

१०) संघीय सरकार, प्रदेश सरकार र यस उप महानगरपालिकाले समय समयमा दिएको निर्देशन एवं परिपत्रको अनिवार्य रुपमा पालना गर्नुपर्नेछ ।

११) दररेट सहितको साइनवोर्ड सबैले देख्ने गरी सम्वन्धित कर संकलन केन्द्रमा अनिवार्य रुपमा राख्नु पर्नेछ तर राजमार्ग वा सहायक राजमार्गमा य़ातायात अवरुद्ध हुनेगरी कुनै काम गर्न/गराउन पाइने छैन ।

१२) यस कार्यालयलाई बुझाउनुपर्ने ठेक्का रकम नेपालवन्द, आमहडताल, नाकावन्दी र चक्काजाम जस्ता अप्रत्यासित घटना वा अन्य कुनै पनि कारण देखाई मिनाहा माफी माग गर्न पाइनेछैन तर संघीय सरकार, प्रदेश सरकार, वा न्यायीक निकायवाट कुनै श्रोत संकलन तथा उपयोगमा वन्देज लगाएमा तुलसीपुर उप महानगरपालिका कार्यपालिका वैठकको निर्णय वमोजिम वन्देज लगाएको दिनको मात्र दामासाहीले हिसावगरी रकम मिलान/फिर्ता गर्न सकिनेछ ।

१३) प्राप्त बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस उप महानगरपालिका दाङमा सुरक्षित रहनेछ ।

१४) रसीदहरु आफ्नै तर्फबाट छपाई कार्यालयको छाप र यस कार्यालयमा रसीद नं.दाखिला गरेर मात्र प्रयोगमा ल्याउनु पर्नेछ

१५) प्रचलित कानून अनुसार लाग्ने कर तथा दस्तुर ठेकेदार स्वयंले नै आफ्नो तर्फबाट व्यहोर्नु पर्नेछ ।

१६) कार्यादेश लिएको मितिदेखि मात्र ठेक्का चलन गर्न पाइनेछ । साथै ठेक्काको अवधि २०८१ साल आषाढ मसान्तसम्म मात्र हुनेछ ।

१७) उपरोक्त न्यूनतम अंकमा मूल्य अभिबृद्धी कर (VAT) समावेस नभएकोले ठेकेदारले ब्यावसायिक उपयोग कर असूल गर्दा तोकिए वमोजिमको मूल्य अभिबृद्धी कर (VAT) समेत समावेस गरी असूल उपर गर्नु पर्नेछ ।

१८) ठेक्काको दररेट र अन्य विस्तृत जानकारीका लागि यस कार्यालयको सूचना पाटी वा राजश्व प्रशासन शाखामा सम्पर्क राख्न हुन समेत जानकारी गराईन्छ ।

१९) यो सूचनामा उल्लेख नभएका कुराहरुको हकमा रकम तथा सरकारी ठेक्का बन्दोबस्त ऐन, २०२०, सार्वजनिक खरिद ऐन २०६३ र अन्य प्रचलित कानून वमोजिम हुनेछ ।

२०) ठेक्का सम्वन्धी कुनै विषयमा विवाद भएमा अन्तिम निर्णय तुलसीपुर उपमहानगरपलिकाको हुनेछ ।

अनुसुची - ५

## जडिबुटी, कवाडी, जिवजन्तु कर (आ.व. २०७९/०८०)

तुलसीपुर उपमहानगरपालिका आर्थिक ऐन, २०७९ दफा (६) संग सम्वन्धित

तुलसीपुर उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय तुलसीपुर, दाङ लुम्बिनी प्रदेश, नेपाल

| जडिबुटी, कवाडी, जीवजन्तु कर (आ.व. २०७९/०८०) | | | |
|---|---|---|---|
| .सं. | विवरण | परिमाण | संशोधन/थप |
| १ | उ.म.न.पा. भित्र उत्पादन भई निकासी हुने वस्तुमा लाग्ने कर | | |
| | उन (प्राकृतिक, कृतिम, जगर) प्रति के.जी | रु.। १० पैसा | |
| | खोटो प्रति के.जी | रु.। ५० पैसा | |
| | जडिबुटि प्रति के.जी | रु. ११५० | |
| | बनकस (खर), अम्लिसो, बाबिया, लोक्ता,पटेर, मलहन पत्ता, छवाली, पराल, निगालो आदि | | |
| | प्रति गाडा, ठेला | रु. १०।- | |
| | प्रति ट्रेक्टर | रु. ५०।- | |
| | प्रति ट्रक | रु. १००।- | |
| २ | मरेका वा मारिएका जिवजन्तु र पशु पंक्षिहरुको हाड, सिङ्ग, खुर, प्वांख निकासी | | |
| | प्वांख प्रति के.जी. | रु. २।- | |
| | सिङ्ग प्रति के.जी. | रु. २।- | |
| | हाड प्रति के.जी. | रु. १।- | |
| | खुर प्रति के.जी. | रु. २।- | |
| | मरेका वा मारिएका जिवजन्तुहरुको छाला निकासी | | |
| | छाला (ठुलो जनावर) प्रति गोटा | रु. ३०।- | |
| | छाला (सानो जनावर) प्रति गोटा | रु. १५।- | |
| | कवाडी निकासी कर | | |
| | फलाम प्रति क्वी | रु.२००।- | |
| | धातु तामा पित्तल प्रति क्वी | रु.३००।- | |
| | पुरानो कागज, कार्टुन प्रति क्वी | रु.१००।- | |
| | प्लाष्टिक प्रति क्वी | रु.१००।- | |
| | अन्य प्रति क्वी | रु.२५।- | |
| | ,सिसाको बोतल ठुलो प्रति पिस (वियरको बोतल) | रु.००।७५ पैसा | |
| | सिसाको बोतल सानो प्रति पिस | रु.।२५ पैसा | |
| | टिनको पाता / टिन प्रति क्वी | रु.१०८।- | |

टिकाराम खड्का
नगर प्रमुख



| क्र.सं. | विवरण | परिमाण | संशोधन/थप |
|---|---|---|---|
| | टायर ट्युव प्रति क्वी | रु.१००।- | |
| | जलेको मोविल प्रति लिटर | रु.१।- | |
| | उनका टुक्रा, गारमेन्ट टुक्रा, कार्पेट टुक्रा प्रति के.जी | रु.१।- | |